# गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल
(पंजिकरण शाखा)

प.सं.२०८०।०८१
च.नं. ५२५२

मितिः- २०८१/०३/२६

**विषय :-सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सुचना ।**

उपरोक्त सम्वन्धमा यस गरुडा नगरपालिकाको सवै वडाहरुवाट आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्नका लागि आफ्नो सामाजिक सुरक्षा परिचयपत्र अनिवार्य नविकरण गर्नुपर्ने भएकाले भत्ता खाईपाई आई रहेको सम्पूर्ण लाभग्राहीहरुले देहायका कागजात सहित **आ-आफ्नो वडा कार्यालयमा** स्वंयम उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई यहि **२०८१ श्रावन १ गतेदेखि भाद्र ३१ गतेभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनुहुन अनुरोध गरिन्छ । **साथै राष्ट्रिय परिचय पत्र नं. अनिवार्य पेश गर्नुहुन अनुरोध गरिन्छ ।**

**सामाजिक सुरक्षा परिचयपत्र नविकरणका लागि आवश्यक पेश गर्नु पर्ने कागजातहरु:**

| क.सं. | सामाजिक सुरक्षा विवरण | आवश्यक कागजात | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ बर्ष) | १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।<br>२. पासपोर्ट साईजको फोटो १ प्रति । | |
| २ | जेष्ठ नागरिक दलित (६० बर्ष) | १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।<br>२. पासपोर्ट साईजको फोटो १ प्रति । | |
| ३ | एकल महिला | १. सम्वन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।<br>२. अर्कौ विवाह नगरेको प्रमाणको प्रतिलिपी १ प्रति । | |
| ४ | बिधवा | १. पतिको मृत्यूदर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।<br>२. नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति । | |
| ५ | पुर्ण अशक्त अपाङ्गता | १. अपाङ्गता परिचयपत्रको प्रतिलिपी १ प्रति ।<br>२. नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति | |
| ६ | अति अशक्त अपाङ्गता | १. अपाङ्गता परिचयपत्रको प्रतिलिपी १ प्रति ।<br>२. नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति | |
| ७ | वालवालिका/लोपोन्मुख आदिवासी जनजाति | १. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।<br>२. संरक्षको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति । | |

**नोटः नागरिकता वा जन्मदर्ताको प्रतिलिपी १ प्रति र पासपोर्ट साईजको फोटो १ प्रति अनिवार्य पेश गर्नुहुन अनुरोध गरिन्छ ।** साथै तोकिएको समयमा नविकरण नगराउने लाभग्राहीको नाम सामाजिक सुरक्षा प्रणालीवाट स्वतः हटने तथा भत्ता नपाउने र भाद्र मसान्तभित्र नविकरण नगराएको लाभग्राहीहरुले नयाँ लाभग्राहीको रुपमा निवेदन दिएपछि निवेदन दिएको अर्को महिना देखि मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा निर्धारित समयभित्रै नविकरण गराउनुहुन व्यहोरा जानकारी गरिन्छ ।

२०८१/०३/२६
मो.मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner